> अनुसन्धानको पाटो जटिल भएकाले पनि काम गर्न गाह्रो भएको हो, अब एक एक गरी छानबिन हुन्छ।



नेपाल

सल्यानमा बेपत्ता पारिएका पीडित परिवारले अझै पनि राहत पाएनन्

सरिता चलाउने, सल्यान

सल्यानमा द्वन्द्वको समयमा बेपत्ता पारिएका पीडितका परिवारले अझै पनि राहत नपाएको गुनासो गरेका छन्। सरकारले बेपत्ता परिवारलाई राहत प्रदान गर्दै आए पनि आफूहरूले भने न्यायका लागि राहत नपाएको गुनासो गरेका हुन्।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नेपालको टोलीले आयोजना गरेको बेपत्ता तथा सरोकारवालासँगको अन्तर्क्रिया कार्यक्रममा पीडितले आफूहरू अझै पनि त्रासमा बाचिरहेकाले पीडितको सत्य तथ्य पत्ता लगाई छानबिन गर्न आग्रह गरेका छन्। उनीहरूले दुईवटा छानबिन आयोग गठन भइसक्दा पनि पीडितको घाउमा मलमपट्टि लगाउन नसकेको र सन्तोषजनकरूपमा आयोगले काम नगरेको बताएका छन्।

कार्यक्रममा बोल्दै छत्रेश्वरी गाउँपालीका वडा नम्बर ७ की पार्वती वलीले आफ्नो श्रीमान दिपेशकुमार वली बेपत्ता भएको १४ वर्ष भयो तर उहाँले अहिलेसम्म राहत नपाएको बताउनुभएको छ। 'मेरो श्रीमान घरबाट निस्केको १४ वर्ष भयो न त उहाँ फर्कनुभयो न त हामीले न्यायका लागि राहत नै पायौं' -उहाँले रुँदै भन्नुभयो। २०६० सालमा घरबाट बेपत्ता भएको उहाँको श्रीमान अहिलेसम्म पनि अत्तोपत्तो छैन। आयोगले सत्य तथ्य छानबिन गरी आफूलाई न्यायसहित राहत प्रदान गरिदिनुहुन आग्रह गर्नुभयो।

पटक पटक यो कुरा आइरहँदा पनि निको भएको घाउमा घाउ थपिदिने गरेको बेपत्ता तथा पीडित परिवार कपुरकोट गाउँपालिका सिनबाङकी अम्रिता बोहराले बताउनुभयो। उहाँले आयोग गठन भएको ४ वर्ष बितिसक्दा पनि अहिलेसम्म आयोगले भनेअनुसारको काम नगरेको र पीडित परिवारले न्याय नपाएको दुखेसो पोख्नुभयो। उहाँले भन्नुभयो- 'बुबा बेपत्ता भएको १७ वर्ष बितिसक्यो जतिबेला म ८ वर्षको थिएँ, सुनेको थिएँ आयोग गठन भइसकेपछि पीडितलाई राहत, पीडितका छोराछोरीलाई रोजगार दिलाइन्छ तर आयोगले न्यायको नाममा पीडा बल्झाउने काम मात्र गरेको छ।' आफूले अहिलेसम्म पनि बुबाको काजक्रिया गर्न नपाएकाले पीडित परिवारलाई पीडा बल्झने मात्र नभएर अब सत्य तथ्य छानबिन गरी पीडितलाई न्याय दिलाउनुपर्ने बताउनुभयो।

छत्रेश्वरी गाउँपालिका-८ का चेतबहादुर बिकले पनि द्वन्द्वकालमा आफ्नो भाइ २२ वर्षको उमेरमा बेपत्ता भएको र अझैसम्म पनि राहत नपाएको बताउनुभयो। २०५७ सालमा भाइ बेपत्ता भएको स्मरण गर्दै उहाँले न्यायको नाममा राहतसमेत नपाएको बताउनुभयो। बेपत्ता परिवारको घटनाको अवस्था हेरेर विस्तृत अनुसन्धान थालिने बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सदस्य बिजुल विश्वकर्माले बताउनुभएको छ। जस्का लागि पीडितलाई १ घन्टा समय लगाएर सोधपुछ गर्ने बताउनुभयो। ४२ वटा जिल्लामा आयोगको टोली पुगेकाले छिटोभन्दा छिटो पीडितलाई न्याय दिने गरी आयोगले काम गर्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'अनुसन्धानको पाटो जटिल भएकाले पनि काम गर्न गाह्रो भएको हो, अब एक एक गरी छानबिन हुन्छ।' बेपत्ता भएको व्यक्ति पहिले कस्तो हुनुहुन्थ्यो, के कस्ता पहिरन गर्नुहुन्थ्यो त्यो सबै प्रष्टसँग सोधेर छानबिन गर्नेछौं, मृतकको भन्दा बेपत्ताको पीडा धेरै हुने भएकाले यस्को प्रत्यक्ष पीडितसामु गएर सोधेर फर्म संकलन गर्ने आयोगका सदस्य विश्वकर्माले बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी प्रमानन्द घिमिरेले बेपत्ता पारिएका परिवारले अझै राहत नपाएको सन्दा आफू दुखी भएको बताउनुभयो। पीडित परिवारलाई १० लाखसम्म पनि सरकारले प्रदान गरेकाले कहाँनेर चुक्यो त्यो छानबिन गरी राहत नपाएको पीडितलाई राहत प्रदान गर्नुपर्ने बताउनुभयो। राहत दिँदा दिँदै के कति कारणले बेपत्ता पीडितले राहत पाएनन् त्यो भावनात्मकरूपमा आफू दुखी भएको बताउनुभयो।

सल्यानमा द्वन्द्वकालमा बेपत्ता पारिएका ५६ जनामध्ये ३८ जनाले मात्र राहत पाएको स्थानीय शान्ति समितिले जनाएको छ। शान्ति मन्त्रालयबाट ३८ जनाले राहत पाए तापनि ५७ जना बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा उजुरी परकाले अहिले जिल्लामा विस्तृत छानबिन भइरहेको छ। द्वन्द्वकालमा देशभर १८ हजारको मृत्यु भएको र ३ हजारभन्दा बढी अझै बेपत्ता भएका छन्।

गौरीशङ्कर संरक्षण क्षेत्रमा दुर्लभ राज गोमन

चिरञ्जीवी मास्के, दोलखा

गौरीशङ्कर संरक्षण क्षेत्रमा पर्ने दोलखाको विगु गाउँपालिका वडा नम्बर ८ खारेस्थित जगतको जंगलमा विश्वमै दुर्लभ ठानिएको राज गोमन (किङ कोब्रा) भेटिएको छ।

जगतको वन क्षेत्रमा बाखा हराएपछि खोजी गर्दै जाँदा स्थानीय संरक्षण क्षेत्र व्यवस्थापन समितिका संयोजक यादवप्रसाद आचार्यले ठूलो र अनौठो सर्प देखेका थिए। यादवले ठूलो र अनौठो सर्पबारे गौरीशङ्कर संरक्षण क्षेत्रलाई जानकारी गराएपछि संरक्षण क्षेत्रले त्यसको अध्ययन गर्दा उक्त सर्प विश्वकै दुर्लभ ठानिएको राज गोमन (किङ कोब्रा) भएको पुष्टि गरेको आयोजनाका संरक्षण अधिकारी विष्णुप्रसाद पाण्डेले बताए।

झन्डै १२ फिट लामो उक्त दुर्लभ राज गोमन समुद्र सतहबाट १ हजार २ सय ७८ मिटरको उचाइमा पत्करको थुप्रो बनाई फुल पारेर त्यसको पहरा दिइरहेको अवस्थामा भेटिएको संरक्षण अधिकृत पाण्डेले बताए।

> राज गोमनको मुख्य आहारा अन्य सर्प, साना स्तनधारी प्राणी र चराचुरुङ्गी हुने गरेको छ। खानाको चरम अभावमा यसले अन्य गोमन सापसमेत खाने गरेको संरक्षण अधिकृत पाण्डे बताउँछन्।।

सामान्यतया तराई र भित्री मधेशको जंगल, खेत तथा बस्तीमा पाइने राज गोमन दोलखा जिल्लामा पहिलो पटक भेटिएको संरक्षण अधिकृत पाण्डेको भनाइ छ।

राज गोमनको मुख्य आहारा अन्य सर्प, साना स्तनधारी प्राणी र चराचुरुङ्गी हुने गरेको छ। खानाको चरम अभावमा यसले अन्य गोमन सापसमेत खाने गरेको संरक्षण अधिकृत पाण्डे बताउँछन्। लजालु स्वभावको राज गोमनले सामान्यत: मानिसलाई आक्रमण नगर्ने तर यसको गुँडको अत्यधिक नजिक पुगेको अवस्थामा र जम्काभेट भएको खण्डमा भने आक्रमण गर्न सक्ने पाण्डे बताउँछन्। राज गोमनले मानिस या ठूला स्तनधारी जनावर नजिक आउँदा १/२ फिटसम्म टाउको उठाई फडा फिजाएर चेतावनी दिने गर्छ।

राज गोमन अत्यधिक क्षमताको विष भएको सबैभन्दा ठूलो सर्प मानिन्छ। यसको औषधिसमेत विरलै पाइने यसका अध्यताको भनाइ छ। मनसुनको समय राज गोमनको प्रजनन् समय हुने अध्यता बताउँछन्।

बालकको हत्या गरी फरार काकाको खोजी तीव्र

सीताराम अधिकारी, धादिङ

दक्षिणी धादिङको बेनीघाट रोराङ गाउँपालिका-३ डुम्रेमा आइतबार बेलुका ३ वर्षीय बालकको आफ्नै काकाले हत्या गरेर फरार भएका छन्।

हत्यामा संलग्न भएको आरोपमा प्रहरीले आरोपी ४५ वर्षीय सीताराम बयलकोटीको फोटो सार्वजनिक गरेको छ। गाउँबासी तथा जो कोहीले जहाँ भेटेपनि प्रहरीलाई खबर गरी सहयोग गर्न आग्रह गर्दै सामाजिक संजालमार्फत फोटो सार्वजनिक गरेको हो।

काका नाता पर्ने सीतारामले घरमा खेलिरहेको आयुस बयलकोटीलाई टाउकामा समातेर खुर्पाले काटी हत्या गरेको मृतकका दिदीले प्रहरीलाई बताउनुभएको छ।

घटनापछि बालकको सोही स्थानमा मृत्यु भएको र आरोपी सीताराम फरार रहेको इलाका प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक संजय तिमल्सिनाले जानकारी दिनुभयो। आरोपी फरार भई जंगलमा लुकी बसेको र प्रहरीले खोजी कार्य जारी राखेको जनाएको छ। पानी परिरहेको र ठूलो जंगल भएका कारण खोजी कार्य केही ढिलो भएको प्रहरीको भनाइ छ।

घरायसी झगडा हुने गरेको र २ परिवार बीचमा पटक-पटक कुटपिटका घटनासमेत हुने गरेको थियो। गतवर्ष पनि आरोपीले मृतकका आमालाई जाँतोले हानेर मार्ने कोसिस गरेको गाउँबासीको भनाइ छ।

बस दुर्घटनामा १४ यात्रु घाइते

रुकुम, (नेस)

मुसीकोट नगरपालिका-१२ पितिवाङमा बस दुर्घटना हुँदा १४ जना घाइते भएका छन्। दाङको तुल्सीपुरबाट रुकुम (पश्चिम)को सल्लेतर्फ आउँदै गरेको ना४ख ६३२६ नम्बरको बस दुर्घटना भएको हो। दुर्घटनामा चालकसहित १४ जना घाइते भएका जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम)ले जनाएको छ।

१० को मृत्यु...

राप्ती नदीमा बाढी आउन सक्ने सम्भावनालाई मध्यनगर गर्दै जिल्ला दैवी प्रकोप उद्धार समितिले उद्धार टोली र तयारी खाद्यान्न तयारी अवस्थामा राख्न निर्देशन दिइसकेको छ।

राप्ती नदीमा भारतले बनाएको लक्ष्मणपुर बाँध, कलकलवा तटबन्ध र सडकजस्तो बाँधका कारण वर्षेनी डुब्दै आएको तटीय क्षेत्रका बासिन्दालाई सचेत रहन जिल्ला प्रशासन कार्यालयले आग्रह गरिसकेको छ। उसले सबै स्थानीय तहलाई बाढीप्रति सचेत रहन र जोखिममा परेकालाई उद्धार र उच्च स्थानमा बासका साथै तयारी खाद्यान्न तयारी अवस्थामा राख्न निर्देशन दिइसकेको छ। जिल्ला प्रशासन कार्यालयका प्रवक्ता खगेन्द्र पौडेलले बाढीपीडितलाई उद्धार गर्न सुरक्षा निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिइसकेको बताउनुभयो।

अविरल वर्षापछि नेपालगन्जका सडक पूरै अबरुद्ध भएको छ। नेपालगञ्जको मुख्यबजार क्षेत्र डुबानमा परेका छन्। सेतुविक चोक, न्युरोड, बसपार्क, घरबारीटोल, धम्बोझी, गणेशपुर, फुल्टेक्रा, बुलबुलिया, बेलासपुर जलमग्न भएका हुन्।

नेपालगञ्ज उपमहानगरपालिकाले राम्ररी नाली सफा गरेर निकास दिन नसकेपछि यो वर्ष अलि धेरैबेर परेको पानीले दर्जन बढी ठाउँ डुबानमा परेका छन्। नेपालगञ्जका यी बजार क्षेत्र भने वर्षेनी डुबानमा पर्ने गर्दछन्। निर्माणाधीन हुलाकी सडक निर्माणका क्रममा लापरबाही गरिँदा आवतजावत प्रभावित भएको हो। पुल निर्माणको काममा ढिलाइ हुँदा उचित डाइभर्सनको अभावमा गएरातिदेखि आवतजावत ठप्प भएको छ। 'ठाउँ-ठाउँमा पुल बनिरहेका छन् तर पुल बनाउनुअघि डाइभर्सन बनाउनुपर्ने मापदण्डलाई बेवास्ता गरिएकाले अहिले पानी परिरहँदा सडक पूरै सडक अवरुद्ध भएको छ' -गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले आक्रोश पोख्नुभयो।

घरहरू डुबानमा

अविरल वर्षापछि कट्कुइँया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गंगापुरका

दर्जनौं घर डुबानमा परेका छन्।

पानीको सहज निकास नभएका कारण सयौं घर डुबेका हुन्। भारतले अन्तर्राष्ट्रिय नियम विपरीत लक्ष्मणपुर बाँध, कल्कलवा तटबन्ध र सीमा सडक निर्माण गरेपछि वर्षेनी त्यहाँका गाउँहरू डुबानमा पर्ने गरेका छन्। 'एक त लक्ष्मणपुर बाँध र कलकलवा तटबन्धले वर्षेनी डुबान हुन्थ्यो। अब त झन् भारतले सीमामा बाँधजस्तो सडक बनाएपछि समस्या थपिएको छ' -अध्यक्ष शाहले भन्नुभयो।

शिशुसहित तीनको मृत्यु

रोल्पामा सोमबार बिहान पर्खाल भत्किदा च्यापिएर १ नाबालकसहित ३ जनाको मृत्यु भएको छ।

जिल्लाको रून्टिगढी गाउँपालिका-५ सैबाङमा अविरल वर्षापछि स्थानीय अशोक घर्तीको पर्खाल भत्किएर भान्साकोठा पुरिँदा च्यापिएर मृत्यु भएको हो।

दुङ्गा माटोले बनेको पर्खाल भत्किएर कच्ची भान्सा घरले च्यापिदा राजकुमार बिकको श्रीमती कमला बिक १८ दिनकी छोरी आयुषा र स्थानीय चित्रा विकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी नायब उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयाँलले जानकारी दिनुभएको छ।

बिहान ११ बजेरिर सुत्केरी कमलाले नाबालक छोरीलाई आगोमा सेकाउँदै गर्दा घटना भएको हो। च्यापिएर गम्भीर घाइते कमलाको उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र होलेरी लैजाँदै गर्दा बाटोमै र २ जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

सोमबार परेको बाढीका कारण पर्साको पर्सागढी नगरपालिकास्थित पन्थी नदीमा आएको बाढीले बगाउँदा १ विद्यार्थीको मृत्यु भएको छ। अर्का १ विद्यार्थी बेपत्ता भएका छन्।

पर्सागढी नगरपालिका-४ मा रहेको पन्थी नदीमा आएको बाढीले ४ जना विद्यार्थीलाई बगाएको थियो। बाढीले बगाएर पर्सागढी नगरपालिका-४ की प्रतिमा रामको मृत्यु भएको हो। बगाएका पर्सागढी-८ का सुरेन्द्र महतोको अवस्था अज्ञात छ। बाढीले बगाएका त्यही गाउँकी संगीता चौरसिया र सुमन पासवानको भने स्थानीयले उद्धार गरेका छन्।

त्यसै गरी वर्षाका कारण वीरगन्जको श्रीपुर, पानीट्यांकी, जिल्ला प्रशासन कार्यालय पर्सा परिसर, नगवा, रामगढवालगायतका क्षेत्र डुबानमा परेका छन्। मुख्य बजार आदर्शनगर क्षेत्र, कृष्ण अस्पताल, नारायणी अस्पताल आसपासका क्षेत्रमा समेत पानीको निकास रोकिएका कारण सर्वसाधारणले सास्ती पाएका छन् भने वर्षाको पानी नालाबाट राम्रोसँग निकास नभएपछि कतिपयको घर तथा पसलमा पनि पानी पसेको छ।

घर तथा पसलबाट निस्कने फोहोरहरू जथाभावी सडक र नालामा नै फाल्ने गरिएको कारण नाला जाम भएर वर्षेनी पानी पर्नेबित्तिकै वीरगन्जका अधिकांश सडक तालमा परिणत हुने गरेका छन्।

वीरगन्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा. भीष्मकुमार भुषालले नाला अतिक्रमण गरिएका कारण डुबानको समस्या वर्षेनी देखिएको बताउनुभयो।

अविरल वर्षा र बाढीले चितवनको माडी-ठोरी सडकखण्डको रौतनी खोलाको पुल भासिएको छ। रिउ खोलाको पानी सतह खतराभन्दा माथि पुगेको छ। माडीको रिउ खोलामा पानीको सतहले खतराको लेभल पार गरेको छ। नदीमा खतराको तह ३.५ मिटर रहेकामा अहिले पानीको सतह ३.५५७ भन्दा बढी पुगेको थियो।

पृथ्वी राजमार्गअन्तर्गत धादिङको बेनिघाट, रोराङ गाउँपालिकास्थित कृष्णभीरमा पहिरो जाँदा जिप पुरिएको छ। लुफ्ख २३४३ नम्बर जिप पहिरोले पुरेको थियो। समयमै उद्दार भएका कारण मानवीय क्षति भने हुन पाएन।

वर्षात् शरू भयो कि दाङमा बाढी र डुबानको जोखिम शुरू हुन्छ। यो वर्ष पनि मनसुन सक्रिय भएसँगै डुबानको खतरा बढेको छ। देउखुरीका विभिन्न गाउँ जलमग्न भएका छन्। खोला तथा नदीको सतहभन्दा बस्ती धेरै उच्च स्थानमा

नभएकाले बस्तीहरू डुबानमा पर्ने गरेका छन्। पूर्व-पश्चिम राजमार्ग आसपासका बस्तीमा आकासे पानीको निकास नहुँदा डुबान बढी देखिएको छ। यद्यपि सोमबार अबेरसम्म मानवीय क्षति भने भएको छैन। लमही नगरपालिका र राप्ती गाउँपालिकाका अधिकांश गाउँ जलमग्न भएका छन्।

त्यस्तै पश्चिम दाङको ट्वाङखोलामा यात्रुबाहक गाडी बगेको छ भने हेकुली-सुकौरा सडक भत्किएको छ। योबाहेक जिल्लामा कुनै अप्रिय घटना नभएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ। बबई गाउँपालिका-५ मा रहेको ट्वाँङ खोलामा आएको बाढीले नाफ्ख १८६१ नम्बरको बस बगाएको हो।

त्यस्तै कैलालीमा अविरल वर्षाका कारण कच्ची घर भत्किएर पुरिँदा १ महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा गोदावरी नगरपालिका-९ धनचौरीकी दुथा राना रहेकी छिन्।

अविरल वर्षासँगै बगेको पहिरोका कारण नुवाकोटको म्यागङ गाउँपालिका-४ साविक किम्ताङ गाउँपालिका-७ का १७ परिवार विस्थापित भएका छन्। पहिरोले ११ रोपनी क्षेत्रफल खेतीयोग्य भूमि बगाउँदै बस्तीतर्फ झरेपछि स्थानीय प्रशासनले उनीहरूलाई उद्धार गरी चन्द्रदेवी माध्यमिक विद्यालयमा स्थानान्तरण गरेको हो। १७ घरधुरीका करिब १०० जनालाई सुरक्षित स्थानमा सारिएको गाउँपालिका उपाध्यक्ष शान्ती गुरुङले जानकारी दिनुभयो।

अविरल वर्षाका कारण सिरहाको मिर्चैयामा पानी जमेकाले जनजीवन प्रभावित भएको छ। गत शनिबारदेखिको वर्षाका कारण मिर्चैयाको केन्द्रबिन्दु मानिने थाना चोक, बजार एरिया र कटारी चोकलगायतका स्थानमा पानी जमेकाले आवतजावतमा समस्या भइरहेको छ। मिर्चैयाको साथै गोलबजार, लहान, सुखीपुर, कल्याणपुर, बस्तीपुर, धनगढीमाई, सिरहा सदरमुकामलगायत ग्रामीण क्षेत्रको सडक हिलाम्य र जलाम्य भएको छ।

सिद्धार्थ राजमार्गको बुटवल-तानसेन सडकखण्डको सिद्धबाबा मन्दिर क्षेत्रमा पहिरो गएपछि बुटवल तानसेन सडकखण्ड अवरुद्ध भएको छ। २ दिनदेखि परेको वर्षाका कारण आइतबार राति करीब ११ बजे सिद्धार्थ राजमार्गको तिनाउ गाउँपालिका-३ सिद्धबाबा क्षेत्रमा पर्ने हेडबक्स नजिकै पहिरो खसेपछि सडक अवरुद्ध भएको हो।

विशेष गरी मध्यपहाडी राजमार्गको अधिकांश खण्डमा पहिरोको जोखिम बढी रहेको छ। यस्तै महाभारत तथा पहाडी क्षेत्र, चुरे र महाभारत पर्वत शृङ्खलाको बीचको क्षेत्र, बुटवल-पाल्पा सडकखण्ड, नेपालगञ्ज-सुर्खेत-जुम्ला सडकखण्ड पनि पहिरोको उच्च जोखिममा रहेको छ।

धनगढी-डडेल्धुरा सडकखण्ड, बनेपा-बर्दिबास, ओखलढुंगा, सोलुखुम्बु, धादिङ, रसुवा, नुवाकोट, गोरखा, लमजुङ, पूर्वपहाडका धेरैजसो जिल्लासमेत पहिरोको जोखिममा रहेका छन्। पासाङ ल्हामु राजमार्ग, पृथ्वी राजमार्ग पनि पहिरोको जोखिममा रहेको छ।

पूर्वी...

त्यसै गरी नेपालगन्जमा २ सय ६, सिमरामा १ सय ८६, दाङमा १ सय ४१, धनगढीमा १ सय ४० दशमलव ७, विरेन्द्रनगरमा १ सय १६ दशमलव ९ मिलिमिटर वर्षा भएको महाशाखाले जनाएको छ।

ठूलो वर्षाको सम्भावना यथावत रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान शाखाले नदी र जलाधार क्षेत्र आसपासका बस्तीमा उच्च सर्तकता अपनाउन आग्रह गरेको छ। कोसी, नारायणी, कर्णाली र महाकालीका शाखा नदीको बहाव बढेर सर्तकता तह पुग्ने शाखाले जनाएको छ। महाभारत र चुरेबाट बहने पूर्वी र मध्य भेगका विरिङ, कन्काई, कमला, खाँडो, गागन, रातु बागमतीलगायतका नदी र खहरेमा जल सतह खतराको तहभन्दा माथि पुग्ने जनाउँदै सर्तक रहन आग्रह गरिएको छ।

डा. केसीको...

डा. गिरी भन्नुहुन्छ- 'संक्रमण हुने डरले इन्जेक्सनको माध्यमबाट उपचार थाल्न सकिएको छैन। तत्कालै सुरक्षित स्थानमा सारेर उपचार नगर्ने हो भने ज्यानकै खतरा हुन सक्छ।' उहाँले तत्काल कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगेर जीवनरक्षा गरी काठमाडौं लैजान सल्लाह दिएको पनि बताउनुभयो।

चिकित्सा शिक्षा सुधारको माग राखी डा. केसी शनिबारदेखि १५औं पटक अनसन बस्नुभएको हो। अनसन बस्न जुम्ला सदरमुकाम खलंगास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान पुग्नुभएका उहाँलाई जिल्ला प्रशासन कार्यालयले नियन्त्रणमा लिएको थियो।

यसैबीच नेपाल चिकित्सक संघ कर्णाली शाखा जुम्लाको उपाध्यक्षसमेत रहनुभएका डा. गिरीले सोमबार प्रेस विज्ञप्ति जारी गरी मंगलबारदेखि प्रदेश नं ६ मा आकस्मिक बाहेकका सम्पूर्ण स्वास्थ्य सेवा ठप्प पार्ने बताउनुभएको छ। नेपाल चिकित्सक संघ केन्द्रीय महासचिव डा. लोचन कार्कीले पनि प्रेस विज्ञप्तिमार्फत कर्णाली शाखाको निर्णयप्रति ऐक्यबद्धता जनाउँदै आन्दोलनमा उत्रने चेतावनी दिनुभएको छ।

नेपाल चिकित्सक संघका पूर्वअध्यक्ष डा. केदार नर्सिङ केसीले पनि विज्ञप्तिमार्फत केसीका माग र उहाँको जीवनरक्षाप्रति गम्भीर बन्न सरकारको ध्यानाकर्षण गर्नुभएको छ। जारी गर्नुभएको उल्लेख गरिएको छ।

विधेयक...

कांग्रेसका सांसद दिलेन्द्रप्रसाद वडुले डा. केसीको मागमा समाजवाद उन्मुख सरकारलाई किन आपत्ति भएको हो भन्दै प्रश्न गर्नुभएको थियो।

भौतिक...

सिंहदरबार सचिवालय पुनर्निर्माण समितिले कर्मचारीको दरबन्दी र आवश्यकतासमेतको आधारमा योजना तयार गर्ने र शहरी विकास मन्त्रालयका सचिवबाट आवश्यकता हेरी निर्णय गरेर सम्बन्धित निकायलाई कार्यान्वयनका लागि पठाउने निर्णय गरेको थियो। सोहीअनुरूप तयारी अघि बढिसकेको कार्यालयले जनाएको छ।